सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

नगर सभाबाट स्वीकृत मिति : २०७७/०३/२३

# सुन्दरबजार नगरपालिकाको आर्थिक ऐन २०७७

सुन्दरबजार नगरपालिका

२०७७

प्रमाणीकरण गर्नेको
नाम : श्री जनक राज मिश्र
पद : नगरसभा अध्यक्ष
मिति :२०७७/३/२३
पृष्ठ संख्या :

# सुन्दरवजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालयको
## अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको
## आर्थिक ऐन, २०७७

प्रस्तावना :

सुन्दरवजार नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरीवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सुन्दरबजार नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१) संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि सुन्दरवजार नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२) परिभाषा र ब्याख्या : (क) एकीकृत सम्पत्ति कर भन्नाले कुनै ब्यक्ति वा संस्थाको स्वामित्वमा सुन्दरवजार नगरपालिकाको क्षेत्रभित्र रहेको जग्गा र सो जग्गामा बनेको स्थाई संरचना (घर, गोठ, टहरा, गोदाम,आदि समेतमा) नगरपालिकाले लगाउने कर भन्ने बुझिन्छ ।

(ख) सवारी साधन कर भन्नाले नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा लगाउने कर भन्ने बझिन्छ ।

(ग) घर जग्गा कर भन्नाले एकिकृत सम्पत्तिकर नलगाएको जग्गामा बनेको घर र सोही जग्गामा लगाईने कर भन्ने बुझिन्छ ।

(घ) मालपोत भन्नाले एकीकृत सम्पत्तिकर नलगाइएको जग्गामा लगाईने मालपोत वा भूमिकर भन्ने बुझिन्छ ।

(३) **एकीकृत सम्पत्ति कर** : (१) सुन्दरबजार नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र सो जग्गामा बनेको स्थाइ संरचना (घर,गोठ,टहरा,गोदाम आदि समेतमा ) मा एकीकृत सम्पत्तिकर लगाईने र असूलउपर गरिने छ ।

(२) उपदफा (१) बमोजिम लगाईने सम्पत्तिकर **अनुसूचि** (१) बमोजिम हुनेछ ।

(३) एकीकृत सम्पत्तिकर साविक अनुसार नगरपालिकाले निर्धारण गरेको मूल्यांकनलाई आधार लिईनेछ ।

(४) एकीकृत सम्पत्तिकर निर्धारण प्रायोजनका लागि कुनैपनि भौतिक संरचनाको मूल्यांकन गर्दा अनुसूचि (२)मा उल्लेख दर अनुसार गरिनेछ ।

(५) एकीकृत सम्पत्तिकर निर्धारण प्रायोजनका लागि कुनैपनि भौतिक संरचनाको मूल्यांकन गर्दा **अनुसूचि** (३) मा उल्लेख दर अनुसार  ह्रास कट्टी गरिनेछ ।

(६) नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका जग्गा तथा सो जग्गामा बनेका भौक्तिक संरचनामा एकीकृत सम्पत्तिकर लगाईने छैन ।

(७) उपदफा (१) बमोजिम एकीकृत सम्पत्तिकर लागेको सम्पत्तिमा घरजग्गाकर तथा मालपोत वा भूमि कर लाग्ने छैन । तर एकिकृत सम्पत्तिकर लागू हुनुभन्दा अगाडी को बक्यौतामा घर जग्गा कर तथा मालपोत असूली गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(८) सम्पत्ति तथा भूमिकर : नगरपालिककाले सुन्दरबजार नगरपालिका क्षेत्रमा सम्पत्ति तथा भूमिकर मुल्यांकन तयार पारी नगरसभावाट स्विकृत भएअनुसार सोही बमोजिम लागू गर्न सक्नेछ ।

(४) **मालपोत ( भूमिकर )** : (१) एकीकृत सम्पत्तिकर नलगाएको जग्गामा वडाहरुको साविकको दररेट अनुसार मालपोत तथा भूमिकर लगाईने र असुलउपर गरिने छ ।

(५) **घरजग्गा कर** : (१) एकिकृत सम्पत्तिकर नलगाईएको जग्गामा वडाहरुको साविक दररेट अनुसार घर जग्गाकर लगाईने र असुलउपर गरिनेछ ।

(६) **घरबहाल कर** : (१) नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले ब्यापारिक भवन ,घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा,पोखरी आदि पुरै वा आंशिक तबरले बहालमा दिएकोमा **अनुसूचि** (४) बमोजिम घरजग्गा बहालकर लगाईने र असुलउपर गरिनेछ ।

(२)उपदफा(१) बमोजिम बहालकर निर्धारण प्रायोजनका लागि घर धनि र बहालमा बस्ने ब्यक्ति वा संस्थाको विचमा भएको सम्झौता वा नगरपालिकाले निर्धारण गरेको न्युनतम बहाल दर जुन बढि हुन्छ सो बहालदरलाई आधारमानि बहालकर निर्धारण गर्न सकिनेछ ।

(३) नगरपालिकाले कुनै भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा , पोखरी आदि पूरै वा आंशिक तवरले बहालमा दिने ब्यक्ति वा संस्थालाई आफ्नो सम्पत्ति बहालमा दिदा बहालमा बस्नेसंग अनिवार्य रुपमा सम्झौता गर्नुपर्ने गरि आदेश दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्झौता गरी बहालमा बस्ने व्यक्ति वा संस्थाको व्यक्तिगत विवरण तथा निजसँग भएको सम्झौताको एक प्रति नगरपालिकाको कार्यालयमा समेत बुझाउन अनिवार्य गर्न सक्नेछ।

(५) बहालकर निर्धारण प्रायोजनका लागि नगरपालिकाले बहाल रकमलाई समसामायिक एवं व्यवहारिक बनाउन कुनै क्षेत्र, सडक वा बस्तीलाई आधार मानेर बहालको न्यूनतम दर तोक्न सक्नेछ।

(६) नगर कार्यपालिकाले बहालकर संकलनको लागि प्रभावकारीता बृद्धि गर्नका लागि आवश्यक निर्णय लिन सम्नेछ।

(७) **व्यवसाय कर** : (१) नगरपालिका क्षेत्रभित्रका व्यापार,व्यवसाय, वा सेवामा व्यवसायको प्रकृत्ति, पूँजिगत लगानी र आर्थिक कारोवारको आधारमा **अनुसूचि** (५) बमोजिम व्यवसाय कर लगाईने र असुलउपर गरिनेछ।

(८) **सवारी साधन कर** : (१) नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा **अनुसूचि** (६) बमोजिम सवारी साधन कर लगाईने र असुल गरीनेछ। तर, प्रदेश कानून स्विकृत भै सो कानूमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

(९) **विज्ञापन कर** :(१) नगरपालिका क्षेत्रभित्र हुने विभिन्न प्रकारका विज्ञापनमा **अनुसूचि** (७) बमोजिम विज्ञापन कर लगाईने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भै सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

(१०) **सेवा शूल्क** : (१) नगरपालिकाले आफैंले निर्माण, संचालन वा व्यवस्थापन गरेका **अनुसूचि** (८)मा उल्लेख भए अनुसारका स्थानीय पूर्वाधार र उपलब्ध गराएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भएबमोजिमको सेवा शूल्क लगाईने र असुलउपर गरिनेछ।

(११) **घर नक्सापास दस्तुर** :(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बनेका भौत्तिक संरचनाहरुको **अनुसूचि** (९) मा उल्लेख भए बमोजिमको दरमा नक्सापास दस्तुर लगाईने र असुल उपर गरिनेछ। साविकमा बनेका संरचनाहरुको अभिलेखिकरण गर्दा सोही अनुसूचिमा उल्लेख भए बमोजिम दस्तुर लिई अभिलेखिकरण गर्न सक्नेछ।

(१२) **पार्किङ शुल्क** : नगरपालिकाका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत नगरपालिकाले पार्किङ शुल्क लगाउन सक्नेछ।

(१३) **पर्यटन शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रबेश गर्ने पर्यटकहरुबाट तोकिएबमोजिमको दरमा पर्यटन शुल्क लगाईने र असुलउपर गर्न सक्नेछ । यस ऐन बमोजिम पर्यटन शुल्क लगाउनका लागि पर्यटकिय क्षेत्र र सो शुल्कका दरहरु समेत निर्धारण गर्न सक्नेछ । पर्यटन शुल्क निर्धारण गर्दा पर्यटकीय क्षेत्रका लागि भएको लगानी, विकास तथा यसको महत्व समेतलाइ दृष्टिगत गरी निर्धारण गर्न सक्नेछ । तर प्रदेश कानून स्वीकृत भै सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुने गरी नियमावली निर्माण गरी व्यवस्थापन गरिनेछ ।

(१४) **मनोरञ्जन कर** : (१) नगरपालिका क्षेत्रभित्र हुने विभिन्न प्रकारका मनोञ्जन व्यवसायमा प्रदेश कानुनमा व्यवस्था भए बमोजिम मनोरञ्जन कर लगाउन सक्नेछ ।

(१५) **बहाल विटौरी शुल्क** : (१) नगरपालिकाका क्षेत्रभित्र नगरपालिका आफैंले निर्माण गरेका वा रेखदेख वा संञ्चालन गरेका पसल वा हाट बजार बाट शुल्क संकलनका लागि नगरपालिकाले आवश्यक कार्यविधि बनाई निर्दिष्ट गरेका क्षेत्रका सूचि तयार गरि सोही आधारमा बहाल वा शुल्क निर्धारण गरिनेछ ।

(१६) **दहत्तर बहत्तर** ( रोडा ढुङ्गा, गीट्टी,चिप्स माटो बालुवा चुनढुङ्गा र काठ दाउरामा ) मा प्रदेश कानुन ले निर्धारण गरेको शुल्क **अनुसूचि १०** बमोजिम हुने गरि , असुल उपर गरिनेछ ।

(१७) **वातावरण प्रदुषण शुल्क** : (१) नगरपालिका क्षेत्रभित्र रहेका वातावरणमा प्रतिकुल प्रभावपार्ने उद्योग, व्यवसाय वा वातावरण प्रदुषणमा भूमिका निर्बाह गर्ने किसिमका वस्तु वा सेवाको कारावार गर्ने व्यक्ति वा संस्थाई आवश्यक शुल्क निर्धारण गरी वातावरण प्रदुषण शुल्क लगाईनेछ ।

(१८) **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

(१९) **कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सम्वन्धी कार्यविधि नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२०) **विविध** : (१) नेपालको संविधान २०७२ को धारा ५७ (५),१०९,१६२ (४),१९७,२१४ (२),२२१ ( २),र २२६ (१)सँग सम्वन्धित अनुसूची ९ अनुसार संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा

सूचिमा परेका अधिकारहरुको हकमा प्रदेश तथा संघिय कानून स्वीकृत भै सोही कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) कर ,शुल्क तथा दस्तुरहरुको दर निर्धारण गर्दा स्थानीय स्वायत्त शासन ऐन,२०५५तथा स्थानीय स्वायत्त शासन नियमावली ,२०५६ तथा अन्य नगरपालिकाका हरुले अवलम्वन गरेका अभ्यास समेतलाई आधार लिन सकिनेछ ।

(३) यस ऐन बमोजिम कर,शुल्क तथा दस्तुर संकलनका लागि नगरपालिकाले निजी क्षेत्रको सीप, क्षमता र पूँजिलाई अधिकतम उपयोग गर्नेगरी आवश्यक रणनीति निमार्ण गरी सार्वजनिक निजि साझेदारी को अवधारण अनुसार आवश्यकता र प्रभावकारीता समेतलाई मध्यनजर गरि केहि आयोजना कार्यान्वयन गर्न सक्नेछ ।

(४) आफ्नो अधिकार क्षेत्रभित्रको कर, शुल्क तथा दस्तुरहरु निर्धारण एवं संकलन गर्ने सन्दर्भमा नगरपालिकाले सरकारी वा गैरसरकारी संस्था, नगरबासीहरु र सरोकारवालाहरु समेतको आवश्यक परामर्श एवं सहायोग लिन सक्नेछ ।

(५) यस ऐनमा उल्लेख भएका प्रावधानहरु संघिय वा प्रादेशिक कानूनसँग बाझिएको हदसम्म अमान्य हुनेछ ।

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
अनुसूचि-१

# आर्थिक ऐन २०७७ को दफा ३(२) सँग सम्बन्धित
## एकीकृत सम्पत्ति कर
आ.व. २०७७/०७८

| क्र.सं. | देखि | सम्म | कर निर्धारण रु. |
|---|---|---|---|
| १ | १ | १००००० | १०० |
| २ | १००००१ | २५०००० | १२५ |
| ३ | २५०००१ | ४००००० | १५० |
| ४ | ४००००१ | ६००००० | १७५ |
| ५ | ६००००१ | ८००००० | १८५ |
| ६ | ८००००१ | १०००००० | २०० |
| ७ | १०००००१ | १२५०००० | २५० |
| ८ | १२५०००१ | १५००००० | ३०० |
| ९ | १५००००१ | १७५०००० | ३५० |
| १० | १७५०००१ | २०००००० | ४०० |
| ११ | २०००००१ | २२००००० | ५०० |
| १२ | २२००००१ | २४००००० | ६०० |
| १३ | २४००००१ | २६००००० | ७०० |
| १४ | २६००००१ | २८००००० | ८०० |
| १५ | २८००००१ | ३०००००० | ९०० |
| १६ | ३०००००१ | ३२५०००० | १२०० |
| १७ | ३२५०००१ | ३५००००० | १४५० |
| १८ | ३५००००१ | ३७५०००० | १७०० |
| १९ | ३७५०००१ | ४०००००० | १९५० |
| २० | ४०००००१ | ४२५०००० | २२०० |
| २१ | ४२५०००१ | ४५००००० | २४५० |
| २२ | ४५००००१ | ४७५०००० | २७५० |
| २३ | ४७५०००१ | ५०००००० | ३००० |
| २४ | ५०००००१ | ६०००००० | ३५०० |
| २५ | ६०००००१ | ७०००००० | ५००० |
| २६ | ७०००००१ | ८०००००० | ६५०० |
| २७ | ८०००००१ | ९०००००० | ८००० |
| २८ | ९०००००१ | १००००००० | १०००० |
| २९ | १०००००००१ | १२०००००० | १२००० |
| ३० | १२००००००१ | १४०००००० | १४००० |

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ३१ | १४००००००१ | १६०००००० | १६००० |
| ३२ | १६००००००१ | १८०००००० | १८००० |
| ३३ | १८००००००१ | २०००००००० | २०००० |
| ३४ | २०००००००१ | २५०००००० | २५००० |
| ३५ | २५००००००१ | ३०००००००० | ३०००० |
| ३६ | ३०००००००१ | ३५०००००० | ३५००० |
| ३७ | ३५००००००१ | ४०००००००० | ४०००० |
| ३८ | ४०००००००१ | ४५०००००० | ५०००० |
| ३९ | ४५००००००१ | ५०००००००० | ६०००० |
| ४० | ५०००००००१ | मथि | रु २ प्रति हजार |

नोट : आर्थिक वर्ष सुरु भएको श्रावण १ देखि पौष मसान्त सम्म १० प्रतिशत एकीकृत सम्पत्तिकर छुट हुने ।

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
अनुसूचि २
आर्थिक एन २०७७ को दफा ३ (४) संग सम्बन्धित

## संरचनाको मूल्य निर्धारण

| | RCC Frem RCC ढलान प्रति SQF. | सिमेन्टको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रो RCC ढलान प्रति SQF. | माटोको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रो RCC ढलान प्रति SQF. | RCC Frem जस्ताको छाना प्रति SQF. | सिमेन्टको जोडाईमा ईट्टा ढुङ्गा,ब्लकको गाह्रो जस्ता स्टलको छाना प्रति SQF. | माटोको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रो जस्ता स्टलको छाना प्रति SQF. | माटोको जोडाईमा ईट्टा ढुङ्गा[illegible] गाह्रो खर[illegible] छाना प्र[illegible] SQF. |
|---|---|---|---|---|---|---|---|
| [illegible] | १२०० | १००० | ८५० | ७५० | ५०० | ४५० | २०० |
| [illegible] | ११५० | ९५० | ८०० | ७०० | ४५० | ४०० | १५० |
| [illegible] | ११०० | ९०० | ७५० | ६५० | ४०० | ३५० | १०० |

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

# सुन्दरबजार नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### अनुसूचि ३
## आर्थिक एन २०७७ को दफा ३(५) संग सम्बन्धित

| मैतिक संरचनाको वर्गिकरण | संरचना को आयु (वर्ष) | भौतिक संरचनाको आयू र ह्रासकट्टि दर(प्रतिशतमा) | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ०-५ | ५-१० | १०-१५ | १५-२० | २०-२५ | २५-३० | ३०-३५ | ३५-४० | ४०-४५ | ४५-५० | ५०-५५ | ५५-६० | ६०-६५ | ६५-७० |
| पक्का आरसिसि | ७५ | १० | १९ | २७ | ३४ | ४१ | ४७ | ५२ | ५७ | ६१ | ६५ | ६९ | ७२ | ७५ | ७७ |
| सिमेन्टको जोडाईमा इँटा ढुङ्गाको गाह्रोमा ढलान | ५० | ११ | २१ | ३० | ३७ | ४४ | ५० | ५६ | ६१ | ६५ | ६९ | ७२ | ७५ | ७८ | ८० |
| माटोको जोडाईमा इँटा ढुङ्गाको गाह्रोमा ढलान | ५० | १२ | २३ | ३२ | ४० | ४७ | ५४ | ५९ | ६४ | ६८ | ७२ | ७५ | ७८ | ८१ | ८३ |
| पक्का आरसिसि जस्ताको छाना | ४० | १३ | २४ | ३४ | ४३ | ५० | ५७ | ६२ | ६७ | ७१ | ७५ | ७८ | ८१ | ८४ | ८६ |
| सिमेन्टको जोडाईमा इँटा ढुङ्गाको गाह्रोमा जस्ताको छाना | ४० | १४ | २६ | ३६ | ४५ | ५३ | ६० | ६५ | ७० | ७४ | ७८ | ८१ | ८४ | ८६ | ८८ |
| माटोको जोडाईमा इँटा ढुङ्गाको गाह्रोमा जस्ता,स्लेटको छाना | ३५ | १५ | २८ | ३९ | ४८ | ५६ | ६२ | ६८ | ७३ | ७७ | ८० | ८३ | ८६ | ८८ | ९० |
| माटोको जोडाईमा इँटा ढुङ्गाको गाह्रोमा खर वा अन्यको छाना | २० | १९ | ३४ | ४७ | ५७ | ६५ | ७२ | ७७ | ८१ | ८५ | ८८ | ९० | ९२ | ९४ | ९५ |

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
अनुसूचि-४
आर्थिक ऐन २०७७ को दफा ६(१) सँग सम्बन्धित
घर बहाल कर

| | |
|---|---|
| सुन्दरबजार नगरपालिकाले आफ्नो क्षेत्र भित्र घर, पसल, ग्यारेज, गोदाम सेड, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा भाडामा दिइएकोमा सम्बन्धित धनी बाट सोघोषणा विधीबाट बहाल रकमको | १० प्रतिशत लिने |

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

# सुन्दरबजार नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## अनुसूचि ५
## आर्थिक ऐन २०७७ को दफा ७(१) सँग सम्बन्धित

भ्याटमा दर्ता भएका व्यवसायी एवं ठूला व्यवसायीलाई क श्रेणीको, पानमा दर्ता भएका र साना व्यवसायीलाई ख श्रेणीको क वा ख श्रेणी नपरेका ग्रामिण क्षेत्रका ज्यादै कर आर्थिक कारोबार भएका व्यवसायलाई ग श्रेणी र भ्याट वा पानमा दर्ता प्रक्रियामा रहेका व्यवसायीहरुलाई रु ५००। र दर्ता भईसकेपछि तल उल्लेख भए बमोजिमको कर लगाउने गरी निर्णय गरियो ।

| क.सं. | व्यवसायको विवरण | आगमी आ.व. २०७६/७७ करको श्रेणी | | | आगमी आ.व. २०७७/७८ का लागि प्रस्तावीत करको श्रेणी | | |
|---|---|---|---|---|---|---|---|
| | स्तर | क रु | ख रु | ग रु | क रु | ख रु | ग रु |
| १) | पर्यटन उद्योग | | | | | | |
| १.१ | होमस्टे | ३०० | १०० | | ३०० | १०० | |
| १.२ | होटल, लज एवं साधारण होटल | १००० प्रा.ली | ५०० | ३०० | १००० प्रा.ली | ५०० | ३०० |
| १.३ | रेष्टुरेन्ट (म:म,तास,सेकुवा आदि) | ७०० | ४०० | | ७०० | ४०० | |
| २) | व्यापारिक वस्तु | | | | | | |
| २.१ | खाद्यान्न, किराना डिलर र खुद्रा | १५०० | १००० | खुद्रा मात्र ५०० | २००० | १००० | खुद्रा मात्र ५०० |
| २.२ | कपडा तथा फेन्सी पसल | १५०० | १००० | ७०० कपडा फेन्सी ग्रामिण क्षेत्र | १५०० | १००० | ७०० कपडा फेन्सी ग्रामिण क्षेत्र |
| २.३ | आयल पम्प | १५०० | | | १५०० | | |
| २.४ | विद्युत सामान तथा विद्युतीय सामाग्री टिभी,घडी,रेडियो बिक्री | १००० | ५०० | | १००० | ५०० | |
| २.५ | हेभी इक्विपमेन्ट बस, ट्रक कारखाना मर्मत | २००० | | | २००० | | |
| २.६ | मेटरसाइकल मर्मत | ८०० | | | ८०० | | |
| २.७ | साइकल मर्मत | ५०० | | | ५०० | | |
| २.८ | निर्माण सामाग्री(हार्डवेयर) | २००० | १००० | | २००० | १००० | |
| २.९ | सुनचाँदी पसल(ज्वेलेरी) | १५०० | १००० | | १५०० | १००० | |
| २.१० | उनी धागो पसल | ३०० | | | ३०० | | |
| २.११ | जुत्ता चप्पल पसल | ८०० | ५०० | | ८०० | ५०० | |
| २.१२ | सपिङ सेन्टर | १००० | ५०० | | १००० | ५०० | |
| ३) | अन्य सेवा | | | | | | |
| ३.१ | विविध श्रृघार पसल(थोक/खुद्रा) | ८०० | ४०० | | ८०० | ४०० | |
| ३.२ | ब्युटी पार्लर | ५०० | | | ५०० | | |
| ३.३ | फर्नीचर पसल | १२०० | ८०० | | १२०० | ८०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.४ | भांडा र गिफ्ट पसल( थोक/खुद्रा) | १००० | ५०० | | १००० | ५०० | |
| ३.५ | केवुल, नेटवर्किङ | ५००० | | | ५००० | | |
| ३.६ | पूल हाउस (प्रति वोर्ड रु) | ४०० | | | ४०० | | |
| ३.७ | भिडियो गेम प्रति स्किम रु २००। | २०० | | | २०० | | |
| ३.८ | पुस्तक तथा पत्रिका पसल | १००० डिलर | ५०० | | १००० डिलर | ५०० | |
| ३.९ | नर्सरी र फलफुलका विरुवा विक्री वितरण | २०० | | | २००, | | |
| ३.१० | संस्थागत पेन्टर | २०० | | | २०० | | |
| ३.११ | तरकारी पसल | ५०० | | | ५०० | | |
| ३.१२ | वीज भण्डार | ५०० | २०० | | ५०० | २०० | |
| ३.१३ | मासु पसल | ८०० | ४०० | | ८०० | ४०० | |
| ३.१४ | कपडा सिलाई | ८०० | ५०० | | ८०० | ५०० | |
| ३.१५ | हेयर कटिङ | १००० | | | १००० | | |
| ३.१६ | आर्ट | ३०० | | | ३०० | | |
| ३.१६ | फोटो स्टुडियो | ८०० | ५०० | | ८०० | ५०० | |
| ३.१८ | रंगरोगन पसल | १००० | ५०० | | १००० | ५०० | |
| ३.१९ | चश्मा पसल | ५०० | | | ५०० | | |
| ३.२० | जिम हाउस | ५०० | | | ५०० | | |
| ४) | मर्मत संभार | | | | | | |
| ४.१ | रेडियो टिभी घडी, प्रेशर कुकर, हिट टेलिफोन सेट पंखा तथा स्टोभ, विद्युत सामाग्री मर्मत केन्द्र | ८०० | ३०० | | ८०० | ३०० | |
| ४.२ | मोबाईल पसल विक्री तथा मर्मत केन्द्र | १००० | | | १००० | | |
| ५) | सेवा उद्योग | | | | | | |
| ५.१ | डाइभिङ इन्स्टिच्युट | १००० | १००० | | १००० | १००० | |
| ५.२ | चलचित्र मन्दिर | १००० | १००० | | १००० | १००० | |
| ५.३ | ल्याब तथा फोटोग्राफी | ५०० | ५०० | | ५०० | ५०० | |
| ५.४ | छापाखाना | १००० | ५०० | | १००० | ५०० | |
| ६) | कृषि तथा वनजन्य उद्योग | | | | | | |
| ६.१ | कृषि तथा वन पैदावारमा आधारित उद्योग व्यवसाय, फर्नीचर उद्योग आदी | ५०० | ५०० | | १००० | १००० | |
| ७) | उर्जामुलुक | | | | | | |
| ७.१ | वायो ग्यास तथा सौर्य प्रविधि र अन्य श्रोतहरु | ५०० | ५०० | | १००० | १००० | |
| | | | | | | | |
| ८) | उत्पादन मुलुक उद्योग | | | | | | |
| ८.१ | पाउरोटी भण्डार | ५०० | ५०० | | ५०० | ५०० | |
| ८.२ | मिल कुटानी पिसानी | ५०० | ३०० | | १००० | ५०० | |
| ८.३ | आइसक्रिम उद्योग तथा पसल | २०० | २०० | | २०० | २०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८.४ | कपास उद्योग | | | | १००० | | |
| ८.५ | व्यवसायीक थ्रेसर ट्क्टर | | | | ५०० | | |
| ९) | वितीय सेवा | | | | | | |
| ९.१ | बैंक क , ख , ग वर्ग | १०००० क वर्ग | ८००० ख, ग वर्ग | | १०००० क वर्ग | ८००० ख, वर्ग | ६०० ग वर्ग |
| ९.२ | वितिय संस्था / लघुवित | ५००० घ वर्ग | | | ५००० घ वर्ग | | |
| ९.३ | कृषि तथा दुग्ध सहकारी | ५०० | | | ५०० | | |
| ९.४ | बहुउदेशिय सहकारी | ३००० | | | ३००० | | |
| ९.५ | बचत तथा ऋण सहकारी | २००० | | | २००० | | |
| ९.६ | रेमिटेन्स सेवा | १००० | | | १००० | | |
| १०) | स्वास्थ्य सेवा | | | | | | |
| १०.१ | निजी तथा गैर सरकारी अस्पताल | १५०० | ८०० | | १५०० | ८०० | |
| १०.२ | नर्सिङ होम | १५०० | ८०० | | १५०० | ८०० | |
| १०.३ | क्लिनिक तथा ल्याव | ५०० | | | ५०० | | |
| १०.४ | औषधि पसल फार्मेसी | ६०० | ४०० | | ६०० | ४०० | |
| १०.५ | दाँत बनाउने पसल | ५०० | | | ५०० | | |
| ११) | शिक्षा सेवा | | | | | | |
| ११.१ | निजी क्षेत्रका बोर्डिङ स्कुल क्याम्पस मा.वि. र प्रा.वि | २००० | १००० प्र.वि. भन्दा तल सबैमा | | २००० | १००० प्र.वि. भन्दा तल सबैमा | |
| ११.२ | टाईपिङ, कम्प्यूटर सिकाउने तथा भाषा प्रशिक्षण संस्था | १००० | ५०० | | १००० | ५०० | |
| ११.३ | सिलाई, बुनाई, पेनटिङ,कटिङ प्रशिक्षण, टेलरिङ | १००० | ५०० | | १००० | ५०० | |
| ११.४ | टेक्निकल इन्स्टिच्युट | ५०० | | | ५०० | | |
| १२) | निर्माण व्यवसायी | | | | | | |
| १२.१ | निर्माण व्यवसायी नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा क,ख,ग,घ | ५०००।,३०००।,२०००।, १०००। | | | ५०००।,३०००।,२०००।, १०००। | | |
| १३) | संचार सेवा | | | | | | |
| १३.१ | निजी क्षेत्रका कूरियर, फ्याक्स, इमेल, इन्टरनेट सेवा प्रदायक कम्पनी | ३००० | | | ३००० | | |
| १४) | विशेषज्ञ मरामर्श तथा अन्य व्यवसायिक सेवा | | | | | | |
| १४.१ | चिकित्सक विशेषज्ञ (स्वां.सहायक, कविराज) | ५०० | ३०० | | ५०० | ३०० | |
| १४.२ | ल फर्म | ५०० | ३०० | | ५०० | ३०० | |
| १४.३ | भाषा अनुवाद | | | | २००० | | |
| १४.४ | लेखापढी व्यवसाय | | | | ५०० | | |
| १४.५ | कन्सल्टेन्सी फर्म (ईन्जिनियर) | १०००० | | | १०,००० | | |

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४.४ | ज्योतिस | ३०० | | | ३०० | | |
| १४.५ | अडिटर फर्म | १००० | | | १००० | | |
| १४.६ | ट्युसन सेन्टर | १००० | | | १००० | | |
| १५) | अन्य व्यवसाय | | | | | | |
| १५.१ | कवाडी सामानको थोक बिक्रेता | ३००० | | | ३००० | | |
| १५.२ | टेण्ट हाउस | १००० | ८०० | | १००० | ८०० | |
| १५.३ | लाउण्डी पसल (धोवि) | ५०० | | | ५०० | | |
| १५.४ | मादल पसल | ३०० | | | ३०० | | |
| १५.५ | माटोको भांडा बनाउने | १०० | | | १०० | | |
| १५.६ | मिठाई पसल | ८०० | ५०० | | ८०० | ५०० | |
| १६) | सा. उद्योग | | | | | | |
| १६.१ | कटिङ ढुंगा उद्योग | १००० | | | १००० | | |
| १६.२ | इट्टा भट्टा | २५०० | २००० | | २५०० | २००० | |
| १६.३ | ग्रिल उद्योग | १५०० | १००० | | १५०० | १००० | |
| १६.४ | अन्य उद्योग | १५०० | १००० | | १५०० | १००० | |
| १६.५ | ब्लक उद्योग | १००० | | | १००० | | |
| १७) | टावर | | | | | | |
| १७.१ | घरमाथि टावर निर्माण गर्दा | ५००० | | | ५००० | | |
| १७.२ | जमिनमा टावर निर्माण | ४००० | ४००० | | ४००० | ४००० | |
| १७.३ | प्राइभेट कम्पनी स्थापना र संचालन | २५०० | | | २५०० | | |
| १७.४ | कृषि व्यवसाय दर्ता (बंगुर कुखुरा फाराम लगायत कृषि क्षेत्र) | १०० | | | १०० | | |
| १७.५ | कृषि औजार तथा मेसिनरी विक्री | १००० | | | १००० | | |
| माथि उल्लेख नभएका व्यवसायहरुको हकमा नगरपालिकाले तोके बमोजिम व्यावसाय कर लागुहुने । | | | | | | | |

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिको कार्यालय
अनुसूचि ६
आर्थिक ऐन २०७७दफा ८(१) संग सम्वन्धित

| क.स. | बार्षिक सवारी कर | आ.व २०७६/०७७ रुपैयाँ | आ.व २०७७/०७८ का लागि प्रस्तावीत रुपैयाँ |
|---|---|---|---|
| १ | बस, ट्रक, लहरी | ५०० | ५०० |
| २ | मिनीबस, ट्रक (छ पांग्रे) | ४०० | ४०० |
| ३ | मिनीबस, ट्रक (चार पांग्रे) | ३५० | ३५० |
| ४ | भडाको कारजीप | २०० | २०० |
| ५ | निजी कार, भ्यान, जिप, पिकअप | २०० | २०० |
| ६ | ट्याक्टर ठुलो ४० हर्षपावर भन्दा माथि | ३०० | ३०० |
| ७ | ट्याक्टर ठुलो ४० हर्षपावर भन्दा सानो | २५० | २५० |
| ८ | स्कुटर मोटरसाइकल | ८० | ८० |
| ९ | ठेला तथा रिक्सा | ८० | ८० |
| १० | सफा टेम्पो | २०० | २०० |
| ११ | गोरु गाडा | ५० | ५० |
| १२ | पावर टेलर | २०० | २०० |
| १३ | लोडर, डोजर र एक्साभेटर (भ्याकुम ) | १००० | १००० |

सुन्दरबजार नगरपालिका

नगरकार्यपालिको कार्यालय

अनुसूचि ७

आर्थिक ऐन २०७७दफा ९(१) संग सम्वन्धित

| क.स. | विज्ञापन दर | आ.व २०७६/०७७ रुपैयाँमा | आ.व २०७७/०७८ का लागि प्रस्तावीत रुपैयाँमा |
|---|---|---|---|
| १ | साईनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफूट भन्दा माथि ( मधिराजन्य,सर्तिजन्य | प्रति वर्ग फुट रु. ५० | प्रति वर्ग फुट रु. ५० |
| २ | साईनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफूट भन्दा माथि (अन्य) | प्रति वर्ग फुट रु. ४० | प्रति वर्ग फुट रु. ४० |
| ३ | साईनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफूट सम्म (मधिराजन्य,सर्तिजन्य | प्रति वर्ग फुट रु. ५० | प्रति वर्ग फुट रु. ५० |
| ४ | साईनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफूट भन्दा सम्म (अन्य) | प्रति वर्ग फुट रु. ४० | प्रति वर्ग फुट रु. ४० |
| ५ | तुल व्यानर एक हप्ताको लागि | ५० | ५० |
| ६ | तुल व्यानर एक हप्ता भन्दा बदी | १०० | १०० |
| अन्यको हकमा नगरपालिकाले तोकेअनुसार | | | |

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

# सुन्दरबजार नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### अनुसूचि-८
### आर्थिक ऐन २०७७ को दफा १०(१) सँग सम्बन्धित

## विविध कर तथा शूल्क

| सि.नं. | विवरण | चालू आ.व.२०७६/७७ का लागी दररेट | आगमी आर्थिक व २०७७/७८ का ल प्रस्तावित दररेट |
|---|---|---|---|
| | सिफारिस | रुपैयाँमा | रुपैयाँमा |
| १ | नाता प्रमाणित | सा.सु.प्रयोजन २००<br>अन्य प्रयोजन ३०० | सा.सु.प्रयोजन २००<br>अन्य प्रयोजन ३०० |
| २ | बैंक खाता खोल्ने सिफारिस | ५० | ५० |
| ३ | जिविस वा अन्य सरकारी निकाय सम्बन्धि सिफारिस( आवश्यक सहयोग ) | १०० | १०० |
| ४ | राहदानी सिफारिस | ७०० | ७०० |
| ५ | घरजग्गा नामसारी/हकवाला प्रमाणित | ५०० | ५०० |
| ६ | घर कायम सिफारिस | कच्ची घर ३००<br>पक्की घर ५०० | कच्ची घर ३००<br>पक्की घर ५०० प्रति त |
| ७ | पेन्सन कार्ड वा सो सम्वन्धि अन्य सिफारिस | ५०० | ७०० |
| ८ | हकवाला संरक्षण सम्बन्धि सिफारिस | २०० | २०० |
| ९ | संघ संस्था दर्ता सम्बन्धि सिफारिस | ५०० | ५०० |
| १० | कृषक एवं अन्य समुह दर्ता तथा नविकरण | | दर्ता १०००/- नविक |
| | निजी विद्यालय अनुमती | | |
| ११ | मन्टेश्वरी | ५००० शिक्षा नियमावली अनुसार | अनुमती ५०००<br>कक्षा थप रु.१००० |
| १२ | प्रा.वि/नि.मा.वि/आधारभूत | ५०००/-<br>शिक्षा नियमावली अनुसार | अनुमती आधरभुत(१–५) ६०००<br>कक्षा थप रु २०००<br>अनुमती आधारभुत (६–८)७०००<br>कक्षा थप को लागि रु३० |
| १३ | मा.वि/उच्च मा.वि | १०,०००/-<br>शिक्षा नियमावली अनुसार | १०,००० |
| | काठ दाउरा ओसारपसार सिफारिस | | |
| क | व्यक्तिगत प्रयोजनको लागि | स्थानीय तह भित्र रु १००/- | स्थानीय तह भित्र रु १००/- |
| ख | स्थानीय तह भित्र व्यवसायिक प्रयोजन | काठको १५००/-<br>कूकाठको १०००/- | काठ (क)ट्रक १५००<br>(ख)ट्याक्टर १०० |

| | | | |
|---|---|---|---|
| | | प्रति टक्र | कुकाठ (क)ट्रक १००० (ख)ट्र्याक्टर ५०० |
| १४ | अंग्रेजी रुपान्तर सबै प्रकारका अंग्रजी सिफारिस प्रमाणित शूल्क( आयस्रोत प्रमाणीत र अचल सम्पत्ति मूयांकन बाहेक) | ५०० | अध्ययन प्रयोजन ५०० अन्य प्रयोजन १५०० |
| १४ | वंशजको नागरिकता सम्बन्धि सिफारिस | १००।- प्रतिलिपि १५०।- | १००।- प्रतिलिपि १५०।- |
| १५ | अंगिकृत नागरिकता सम्बन्धि सिफारिस | ५०० | १००० |
| १६ | नाम छुटको सिफारिस | १०० | १०० |
| १७ | चार किल्ला प्रमाणित सिफारिस | प्रति रोपानी ३०० १ रोपानी देखि १० रोपानी सम्म ५०० १० रोपानी भन्दा माथिका सबैमा प्रतिरोपनी रु १००थप हुने | १ रोपनी भन्दा कम ३०० १ रोपनी देखि १० रोपानी सम्म ५०० १० रोपानी भन्दा माथिका सबैमा प्रतिरोपनी रु १००थप हुने |
| १८ | सनाखतको सिफारिस | ३०० | ३०० |
| १९ | जन्म , मृत्यु , विवाह , बसाईसराइ सम्बन्धि सिफारिस | १५० | १५० |
| २० | स्थायी बसोवास सम्बन्धि सिफारिस | १५० | १५० |
| २१ | नम , थर , जन्म मिति संशोधन सम्वन्धी सिफारिस | ३०० वडाबाट सिफारिस गर्दा | ३०० वडाबाट सिफारिस गर्दा |
| | | ५०० नगरपीलकाबाट | ५०० नगरपीलकाबाट |
| २२ | सर्जमिन शूल्क | ५०० | ५०० |
| २३ | अमिन शूल्क | २००० प्रति कित्ता | २००० प्रति कित्ता |
| २४ | विद्युत जडान सम्बन्धि सिफारिस | | |
| क | आर.सी.सी पक्की घर | ३०० | ५०० |
| ख | अन्य घर | २०० | २०० |
| २५ | टेलिफोन जडान सम्बन्धि सिफारिस (लेनलाईन) | ३०० | ३०० |
| २६ | निजी धारा जडान सम्बन्धि सिफारिस | ३०० | ३०० |
| २७ | चरित्रिक प्रमाणित सिफारिस | ५०० | ५०० |
| | उद्योग स्थापना सिफारिस | | |
| क | कृषिजन्य उत्पादन/प्रशोधन | १०० | १०० |
| ख | लघु साना उद्योग | ५०० | ५०० |
| ग | मझौला उद्योग | १००० | १००० |
| घ | ठूला उद्योग | १५०० | १५०० |
| २८ | भवन निर्माणको साधारण स्वीकृति सम्बन्धि सिफारिस | १००० | १००० |
| २९ | छात्रवृत्त सम्बन्धि सिफारिस | निशुल्क | निशुल्क |
| ३० | व्यवसाय दर्ता सम्बन्धि सिफारिस | ५०० | ५०० |
| ३१ | विद्युत टेलिफोन खानेपानी नामसारी सम्बन्धि सिफारिस | ५०० | ५०० |
| ३२ | आमा समूह/युवा क्लब दर्ता | ३०० | ३०० |
| ३३ | एकिकृत सम्पत्ति कर प्रतिलिपि शूल्क | ५० | ५० |
| ३४ | न्यायिक कार्यको लागि दर्ता शूल्क | १०० | १०० |
| ३५ | गैर सरकारी संस्था सूचिकृत शूल्क | १००० | १००० |

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ३६ | वस्तु तथा सेवा आपूर्ती कर्ता सूचीकरणदर्ता शुल्क | | १००० |
| २) | अन्य दस्तुर | | |
| १ | निवेदन फाराम प्रति पाना | १० | १० |
| २ | अनुसूचि | १० | १० |
| ३ | निवेदन दर्ता शुल्क | १०० | १०० |
| ४ | भवन निर्माण दरखास्त फाराम | ५०० | ५०० |
| ५ | पति पत्नी सम्बन्ध विच्छेद निवेदन दस्तुर | १५०० | १५०० |
| ६ | जन्म, मृत्यु,विवाह, बसाईसराई र सम्बन्ध विच्छेद विलम्ब दस्तुर (३५ दिन भित्र दर्ता भएको हकमा निशुल्क) | विलम्व शुल्क -५० प्रतिलिपी दस्तुर-१०० | विलम्व शुल्क -५० प्रतिलिपी दस्तुर-१०० |
| ७ | परीक्षा सम्बन्धि दरखास्त फाराम शुल्क | तोकिए बमोजिम | तोकिए बमोजिम |
| ८ | कोटेशन फाराम शूल्क | आर्थिक नियमावली अनुसार | सार्वजनीक खरिद ऐन तथा नियमावली अनुसार |
| ९ | टेण्डर फाराम शूल्क | आर्थिक नियमावली अनुसार | आर्थिक नियमावली अनुसार |
| १० | घरपालुवा कुकुर दर्ता र नविकरण दस्तुर | १०० | |
| ११ | भरुवा बन्दुक नविकरण दस्तुर | नियमाअनुसार | प्रचलीत कानुन अनुसार |
| १२ | घर निर्माण सम्पन्न को प्रमाण पत्र | कच्ची घरको लागि ५०० पक्कि घरको लागि १००० | कच्ची घरको लागि ५०० पक्कि घरको लागि १००० |
| १३ | मिलापत्र दस्तुर प्रति पक्ष | ३०० | ३०० |
| १४ | वडाबाट आएका सक्कल कागजातहरुको प्रमाणित शूल्क | १०० | १०० |
| १५ | व्यवसाय प्रमाण पत्र दस्तुर | ५०० | ५०० |
| १६ | विवाहित/अविवाहित सिफारिस दस्तुर (नेपाली/अंग्रेजी) | ५०० | ५०० |
| १७ | नाता कायम सिफारिस | ३०० | ३०० |
| १८ | नाबालक सिफारिस/ नाबालक परिचय प्रत्र सिफारिस | १०० | १०० |
| १९ | संस्था नविकरण सिफारिस | ५०० | ५०० |
| २० | एकिकृत सम्पत्ति कर विवरण फाराम | निशुल्क | निशुल्क |
| २१ | नक्सापास दरखास्त फाराम(नक्सापास किताब) | ५०० | ५०० |
| २२ | प्रोजेक्टर भाडा (नगर क्षेत्र भित्र) | १ दिनको रु १००० | १ दिनको रु १००० |
| २३ | अन्य विविध सिफारिस ( माथि उल्लेख नभएका) | ३०० | ३०० |
| २४ | नक्सापास विलम्ब दस्तूर | नक्सापास दस्तुरको १० प्रतिशतले हुन आउने रकम | नक्सापास दस्तुरको १० प्रतिशतले हुन आउने रकम |
| २५ | आम्दानी सिफारिस बैंकिङ प्रयोजन स्वदेशी प्रयोजन | ३०० | ३०० |
| नोट | आर्थिक सहायता, दिनदुखीहरुको हकमा नगर प्रमुख/प्रमुख प्रशासकीय अधिकृतको तोक आदेश अनुसार निशुल्क सेवा प्रदान गर्न सकिन्छ। | निशूल्क | निशूल्क |
| ३) | हैसियत प्रमाणित | | |
| क) | ऋण र वैदेशिक रोजगारका लागि | | |
| १ | रु. १ देखि १० लाख सम्म | १,०००।- | १,०००।- |
| २ | रु. १० लाख देखि २० लाख सम्म | २०००।- | २०००।- |
| ३ | रु. २० लाख देखि ३० लाख सम्म | ३,०००।- | ३,०००।- |
| ४ | रु. ३० लाख देखि ४० लाख सम्म | ३,५००।- | ३,५००।- |

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ५ | रु. ४० लाख देखि ५० लाख सम्म | ४,०००।- | ४,०००।- |
| ६ | रु.५० लाख १ देखि भन्दा बढी प्रत्येक १० लाखमा | पचास लाख भन्दा बढी ०.०७० प्रतिशतले लिने | पचास लाख भन्दा बढी ०.०७० प्रतिशतले लिने |
| ख) | अध्ययनको लागि | | |
| १ | रु २० लाख सम्मको | १००० | १००० |
| २ | रु ३० लाख सम्मको | १५०० | १५०० |
| ३ | रु ५० लाख सम्मको | २५०० | २५०० |
| ४ | रु ५० लाख भन्दा बढी प्रत्येक १० लाखमा | पचास लाख भन्दा बढी ०.०५० प्रतिशतले लिने | पचास लाख भन्दा बढी ०.०५० प्रतिशतले लिने |
| ४) | घरबाटो सिफारिस | | |
| १ | सडकले नछोएको | ४०० | ४०० |
| २ | कच्ची सडकले छोएको | ५०० | ५०० |
| ३ | ग्राभेल सडकले छोएको | ६०० | ६०० |
| ४ | शाखा पिच सडकले छोएको | ७०० | ७०० |
| ५ | राजमार्गले छोएको | ८०० | ८०० |
| | अनाधिकृत रुपमा नगरक्षेत्रभित्र ढुंगा गिट्टी बालुवा उत्खनन गरीएको अवस्थामा लाग्ने जरीवाना | | |
| १ | ट्याक्टर | पहिलो पटक रु. ५०००।००<br>दोस्रो पटक रु. १००००।००<br>दुई पटक भन्दा बढी रु.१५०००।०० | पहिलो पटक रु. ५०००।००<br>दोस्रो पटक रु. १००००।००<br>दुई पटक भन्दा बढी रु.१५०००।०० |
| २ | ट्रक /ट्रीपर | पहिलो पटक रु. १००००।००<br>दोस्रो पटक रु. २००००।००<br>दुई पटक भन्दा बढी रु.२५०००।०० | पहिलो पटक रु. १००००।००<br>दोस्रो पटक रु. २००००।००<br>दुई पटक भन्दा बढी रु.२५०००।०० |
| ३ | जे.सी.बी | पहिलो पटक रु. १५०००।००<br>दोस्रो पटक रु. ३००००००।००<br>दुई पटक भन्दा बढी रु.३५०००।०० | पहिलो पटक रु. १५०००।००<br>दोस्रो पटक रु. ३००००००।००<br>दुई पटक भन्दा बढी रु.३५०००।०० |
| ६ | सम्पत्ति तथा भुमीकर निर्धारीत समयमा नबुझाएमा लाग्ने थप दस्तुर | | |
| १ | प्रतिलिपि शुल्क | प्रति पटक रु ५० | |
| २ | एक बर्षको बक्यौतामा | कुल रकमको २० प्रतिशत | |
| ३ | दुई बर्षको बक्यौतामा | कुल रकमको २५ प्रतिशत | |
| ४ | तिन बर्षको बक्यौतामा | कुल रकमको ३० प्रतिशत | |
| ५ | चार बर्षको बक्यौतामा | कुल रकमको ४० प्रतिशत | |
| ६ | पाँच बर्षको बक्यौतामा | कुल रकमको ४५ प्रतिशत | |
| ७ | पाँच बर्षभन्दा बाँकि सबैमा | कुल रकमको ५० प्रतिशत | |

आर्थिक वर्ष शुरु भएको समय श्रावण १ गते देखि पौष मसान्त सम्म सम्पत्ति तथा भुमीकर बुझाएमा कुल रकमको १० प्रतिशत कर रकम छुट हुनेछ ।

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिको कार्यालय

अनुसूचि ९
आर्थिक ऐन २०७७दफा ११ (1) संग सम्वन्धित

| क.स. | भौतिक संरचनाको विवरण | आ.व २०७६/०७७ | आ.व २०७६/०७७ | आ.व २०७७/०७८ को प्रस्तावीत | |
|---|---|---|---|---|---|
| | | को नक्सापास दस्तुर प्र.व.फी रु | अभिलेखिकरण नक्सापास दस्तुर प्र.व.फी रु | को नक्सापास दस्तुर प्र.व.फी रु | अभिलेखिकरण नक्सापास दस्तुर प्र.व.फी रु |
| १ | आर.सी.सी फ्रेम स्ट्रक्चर | | | | |
| क | भूमिगत तला | ५ | ८ | ५ | ८ |
| ख | भुई तला | ५ | ८ | ५ | ८ |
| ग | पहिलो तला | ७ | १० | ७ | १० |
| घ | दोस्रो तला | ९ | १२ | ९ | १२ |
| ङ | तेस्रो तला | १२ | १५ | १२ | १५ |
| च | चौथो तला | १५ | १८ | १५ | १८ |
| छ | पाचौं तला र पाचौं तला भन्दा माथि | प्रति तला थप रु ३ का दरले बढ्दै जाने | प्रति तला थप रु ३ का दरले बढ्दै जान | प्रति तला थप रु ३ का दरले बढ्दै जाने | प्रति तला थप रु ३ का दरले बढ्दै जान |
| २ | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको गारो आर.सी.सी स्लेट , टायल जस्तापाता छाना | ४ | ६ | ४ | ६ |
| ३ | माटोको जोडाईमा इटा वा ढुंगाको गारो आर.सी.सी स्लेट, टायल, जस्तापाता छाना | ३ | ५ | ३ | ५ |
| | अन्यको हकमा नगरपालिकाले तोकेबमोजिम | | | | |

जनकराज मिश्र
प्रमुख

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय

अनुसूचि १०

**आर्थिक ऐन २०७७को दफा १६ संग सम्वन्धित**

| सि.न. | शिर्षक | दर (प्रति घनमिटर) |
|---|---|---|
| १ | रोडा,गिट्टी, गेग्रान | रु. १५०/- |
| २ | ढुङ्गा,चट्टान ,स्लेट | रु. १५०/- |
| ३ | चिप्स | रु. ११०/- |
| ४ | माटो | रु. ७५/- |
| ५ | बालवा | रु. ११०/- |
| ६ | चुन ढुङ्गा | रु. २२०/- |
| ७ | नदि तथा खोलाले बगाएर ल्याएको काठ दाउरा आदि | प्रति किलो दुई रुपैया मात्र |

अ) " ढुङ्गा, गिट्टी ,बालुवा ,माटो ,चट्टान दहत्तर बहत्तर भन्नाले " नदि खोल्सा खोल्सी बन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन वा संकलन गरिने बहुमुल्य पत्थर ,ऐतिहासिक र साँस्कृतिक महत्वका शालिग्राम शिला र अति मूल्यवाँन बस्तु बाहेकका ढुङ्गा,गिट्टी ,वालुवा ,रोडा ,गेग्रान ,चट्टान ,माटो ,चुनढुङ्गा, स्लेट ,जस्ता नदीले बगाई ल्याएको वा थिग्रीएको नदी तथा खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनु पर्छ ।

प्रमाणीकरण गर्नेको
नाम : श्री जनक राज मिश्र
पद : नगरसभा अध्यक्ष
मिति :२०७७/३/२३
पृष्ठ संख्या :